# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# तातोपानी गाउँपालिका
# जुम्ला




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


visit nepal 2020 Lifetime Experiences

पत्र संख्या:२०७६/७७
च.नं -१०८

मिति: २०७७/३/२९

श्री अध्यक्षज्यू,
तातोपानी गाउँपालिका, जुम्ला ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

२०७७।३।२९

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


visit nepal 2020 Lifetime Experiences

पत्र संख्याः २०७६।७७
च.नं. - १०२

मितिः २०७७।३।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष्यू,
तातोपानी गाउँपालिका, जुम्ला ।

**कैफियत सहितको राय**

हामीले तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु २ करोड ९३ लाख ४९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३० लाख ११ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ५८ लाख १८ हजार नियमित गर्नुपर्ने रु. १ करोड ७३ लाख १३ हजार पेश्की बाँकी रु ३२ लाख ७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एकाईस) को यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**श्री तातोपानी गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ८ वडा, ३७ सभा सदस्य रहेका छन् । कुल ५२५.६ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या १४६३८ रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १. | **चालु खर्च** | ५६७०८३७८ |
| | क) बैंक | ३७४२२१२३ | | **सर्शत अनुदान तर्फ** | ० |
| २ | **आन्तरीक आय** | १८९९८८३ | २. | कृषि तर्फ | ४६९५२३० |
| | वित्तीय समानिकरण अनुदान | ० | ३. | पशु तर्फ | २७३६९१९ |
| | क) वित्तीय समानिकरण नेपाल सरकार | ९७९००००० | ४. | शिक्षा तर्फ | ८२५८९१२५ |
| | ख) राजस्व बाँडफाँड | ५०९४६७९३ | ५. | स्वास्थ्य तर्फ | १७२५४००० |
| | ग) वित्तीय समानिकरण प्रदेश सरकार | ४९८३००० | ६. | महिला तर्फ | ७५२००० |
| ३ | **सर्शत अनुदान** | १२१३६३००० | ७. | बाल कल्याण तर्फ | ५३००० |
| ४ | **जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.)** | ३९४१५००० | ८. | समाज कल्याण तर्फ | १३०००० |
| ५ | **बहुक्षेत्रीय पोषण कार्यक्रम** | १३७५००० | ९. | खेदकुद तर्फ | १००००० |
| ६ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | ३९४८००० | १०. | नविकरणिय तर्फउर्जा | ८२२६८२ |
| ७ | **क्षमता विकास** | ३०५००० | ११. | RCIW तर्फ | ७५०६६६३ |
| ८ | **धरौटी** | १५५०८५ | १२. | वन तर्फ | १००००० |
| | | | १३. | वातावरण तर्फ | २४३००० |
| | | | १४ | **पूजीगत खर्च** | **९९११०११२** |
| | | | | **अन्य शिर्षक** | **०** |
| | | | १५. | जेष्ठ नागरीक दिर्घ सम्मान (सा.सु.) | **३९४१५०००** |
| | | | १६. | बहुक्षेत्रीय पोषण कार्यक्रम | **१३७४०००** |
| | | | १७. | प्रदेश क्षमता विकास | **३०५०००** |
| | | | १८. | प्रधानमन्त्री रोजगार कार्यक्रम | **३९४६२२७** |
| | | | १९. | **धरौटी** | **१५५०८५** |
| | | | २०. | **को.ले.नि.का. फिर्ता** | **४४८३०६०** |
| | | | २१. | **मोज्दात (बैंक)** | **३७२३३४०३** |
| | **जम्मा** | **३५९७१२८८४** | | **जम्मा** | **३५९७१२८८४** |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुरुप गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ १० गते स्वीकृत गरेको छ । यो वर्ष सभाले देहाय | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ :

- यो वर्ष गाउँपालिकाले पूँजीगत तर्फ शिक्षा, कृषि, पशु, सिंचाई, पर्यटन, बन, विद्युत, खानेपानी, नदी नियन्त्रण, खेलकुद, सडक लगायतमा कुल १४४ योजनामा १२ करोड बजेट छुट्याएको छ ।
- समग्रमा गाउँपालिकाले रु. ३३,९१,०३,०८०।- को आय-व्ययको अनुमान गरेको देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । गाउँपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

- कर्मचारीहरुको कार्य, जिम्मेवारी र जवाफदेहिता सहितको कार्यविवरण नदिएको,
- योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको,
- योजना कार्यान्वयन तालिका निर्माण नगरेको,
- योजनाहरुमा सम्झौता बमोजिम निर्धारित समयमा निर्माण सम्पन्न हुने नगरेको,
- आयोजनाको भौतिक प्रगति मुल्यांकन नगरेको,
- अनुगमन प्रतिवेदन लिने नगरेको,
- करको दायरा पहिचान नगरेको ,
- योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण नगरेको,
- प्रशासनिक खर्चको सीमा निर्धारण नगरेको,
- अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण नगरेको,
- प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ नगरेको

कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी आन्तरिक नियन्त्रण व्यवस्था मजवुत बनाउनु पर्दछ ।

३. **सेवा प्रवाहको स्थिति** : गाउँपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १. | जन्म दर्ता | ८६० |
| २. | मृत्यू दर्ता | १७० |
| ३. | बसाईंसराईं दर्ता | ६० |
| ४. | बिबाह दर्ता | १४६ |
| | **अन्य सिफारिस** | |
| ५. | नाता प्रमाणित सिफारीस | ७१ |
| ६. | नागरीकता सिफारिस | ५३० |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ७. | सडक मर्मत सम्भार (कि.मि.) | ४.३८ |

४. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष सम्म गाउँपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु लगायत ३० भन्दा बढी कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :

| सि.नं. | कानुनको नाम |
|---|---|
| १ | आर्थिक ऐन, २०७४ |
| २ | विनियोजन ऐन, २०७४ |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | |
|---|---|
| ३ | एकिकृत सम्पत्तीकर व्यवस्थापन कार्यविधि, २०७५ |
| ४ | सहकारी ऐन, २०७४ |
| ५ | शिक्षा नियमावली, २०७४ |
| ६ | कृषि व्यवस्थापन प्रवर्द्धन ऐन, २०७४ |

गाउँपालिकाले पालिकाको लागि आवश्यक पर्ने अन्य ऐन, नियम, निर्देशिका समयमा नै तयार गरी पालिकाको कार्यसम्पादन व्यवस्थित तुल्याउनु पर्दछ ।

५. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन तयार गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

६. **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँप्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

७. **कार्यक्रम तथा योजना संशोधन** - आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७४ मंसिर २८ गतेको सभावाट स्वीकृत गाउँस्तरिय तथा वडा नं. १ देखि ८ सम्म वडास्तरिय योजना मध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर तथा संशोधन गरी कार्यगरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण निर्धारण प्रक्रिया उपयुक्त देखिएन । काबुबाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः स्वीकृत योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।

८. **योजनागत लक्ष्य प्रगति** - गाउँपालिकाले योजनागत लक्ष्य प्रगति झल्कने प्रगति विवरण तयार गरी पेश नगरेकोले योजनागत प्रगतिको वास्तविक अवस्था यकिन गर्न सकिएन ।

९. **चौमासिक खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तिय समानिकरण पुजीगततर्फ प्रथम चौमासिकमा ३२ प्रतिशत अर्थात रु. ३ करोड १७ लाख १५ हजार, दोस्रो चौमासिकमा ११.५६ प्रतिशत अर्थात रु. १ करोड १४ लाख ५७ हजार र तेश्रो चौमासिकमा ५६.४४ प्रतिशत अर्थात रु. ५ करोड ५९ लाख ३७ हजार खर्च गरेको देखिएको छ । यसै गरी आषाढ महिनामा मात्र कुल खर्चको ३३.८६ प्रतिशत अर्थात रु. ३ करोड ३५ लाख ६२ हजार खर्च भएकोमा वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृतिमा सुधार गरिनुपर्दछ ।

| कार्यक्रम | कुल खर्च | चौमासिक | | | आषाढको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| वित्तिय समानिकरण पुजीगत | ९९११०११२ | ३१७१५२३५ | ११४५७१३५ | ५५९३७७४७ | ३३५६२६५० |
| **जम्मा खर्च** | ९९११०११२ | ३१७१५२३५ | ११४५७१३५ | ५५९३७७४७ | ३३५६२६५० |
| **खर्च प्रतिशत** | **१००** | **३२** | **११.५६** | **५६.४४** | **३३.८६** |

१०. **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी ३५ रहेपनि स्थायी पदपूर्ति २० मात्र भई १५ पद रिक्त रहेका छन । रिक्त पदहरु पदपुर्ती गर्न लोकसेवा आयोगमा १८ जनाको माग पठाएको विवरण प्राप्त भएको छ । आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ ।

११. **एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष आय-

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ। थप स्रोत पहिचान गरी कारोबार समेटनु पर्दछ। | |
| १२. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ। | |
| १३. | **आन्तरिक आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १५ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १८९९८८३/- अर्थात अनुमान भन्दा २६.६६ प्रतिशत बढी आय प्राप्त गरेको छ । कार्यालयको आन्तरिक आयको अनुमान र प्रगतिको अवस्था सन्तोषजनक देखिएन । कार्यालयले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। | |
| १४. | **आय दाखिला :** गाउँपालिकाले यो वर्ष सिफारीस, सेवाशुल्क, मालपोत लगायतबाट रु. १८९९८८३/- आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका ८ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले नै दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले गाउँपालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अतः आगामी दिनमा कार्यालयले गाउँपालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आयविवरण तयार गरि केन्द्रमा(गाउँपालिका) पठाउने र गाउँपालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ। | |
| १५. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । साथै राजश्व लेखामा सूचना प्रविधिको प्रयोग बढाई नगद कारोवारलाई निरुत्साहित गरी बैङ्किङ एवम् सुचना प्रणालीमा आधारीत राजश्व असुली प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ। | |
| १६. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले आन्तरिक आय वापत रु. १८९९८८३/- आम्दानी गरेको विवरण पेश गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक नगरेको तथा कतिपय वडाले नगद रसिदको प्रयोग विना नै राजश्व असुली गरेको देखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ। | |
| १७. | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुँदा १७ बमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति, गाउँपालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन। गाउँपालिकाले एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ। | |
| १८. | **सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालीन गाउँ विकास समितिहरुको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी गाउँपालिका अन्तर्गत ल्याइनु पर्दछ । | |
| १९. | **आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २०. | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार सञ्चालनमा ल्याइनु पर्दछ । | |
| २१. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष खडा गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २२. | **कन्टिजेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको ब्यबस्था गरेको छ । साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र वमोजिम आयोजनाले खर्च गर्ने ५ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी तथा खर्च रकम यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान, मसलन्द, मर्मत सम्भार, भ्रमण खर्च, परामर्श सेवा, विविध खर्च, आर्थिक सहयोग, औषधि उपचार लगायतमा रकम खर्च गरेको छ । मन्त्रालयको परिपत्र वमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ । साथै, कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| २३. | **तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २४. | **वातावरणीय प्रभाव मूल्याङकन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउँ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । गाउँपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| २५. | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । तातो पानी धारा, गीडी दह, पानसय पाटनका २४ ताल, वाविरा मष्ट, सुन्दरगाँउ मष्टो जस्ता धार्मिक तथा पर्यटकीय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| २६. | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । गाउँपालिकाले यस वर्ष रु. २,५२,२३२।५९ आन्तरिक आयको रुपमा आम्दानी गरेकोमा शीर्षकगत अभिलेख नराखेबाट भूमीकर असूलीको अवस्था यकिन गर्न सकिएन । अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| २७. | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकाशं योजना रु. १ लाख देखि रु. २० लाख सम्मका सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| २८. | **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।३।१० मा सम्पन्न गाउँसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को अनुगमन अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| २९. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । गाउँपालिका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार विवाद, घरेलु हिंसा र विविध मुद्दाका १५ उजुरी तथा निवेदन परेकोमा ९ उजुरी तथा निवेदन मेलमिलाप मार्फत फछ्यौट गरेको तथा ६ उजुरी तथा निवेदन फैसला हुन बाँकी देखिन्छ । यस सम्बन्धमा न्यायीक समितिको वैठकले कुनै पनि उजुरी तथा निवेदनहरुमा निर्णय दिई फछ्यौट गर्ने अभ्यास नभएको व्यहोरा जानकारी भयो । ऐनको दफा ४९ मा स्थानीय तहले गर्ने न्यायनिरुपण सम्बन्धमा स्पष्ट व्यवस्था भएको अवस्थामा न्यायीक समितिले ऐनमा व्यवस्था भएको अधिकार कार्यान्वयनमा ल्याई समयमै न्याय सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३०. | **योजना अनुमोदनः** गाउँपालिकाको मिति २०७६।०३।३० मा बसेको तेस्रो गाउँसभाले आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाबाट सञ्चालन गरी हाल सम्पन्न भई जाँचपास तथा फरफारक भइसकेका चालु खर्च, पूँजीगत खर्च, शसर्त अनुदान र विषयगत तर्फको सम्पूर्ण खर्च रकम एकमुष्ठ रुपमा अनुमोदन गर्ने निर्णय गरेकोमा त्यस्तो योजना कति संख्या तथा कति रकम बराबरका थिए भन्ने सम्बन्धमा उल्लेख नगरेबाट त्यस्तो योजनाको संख्या, रकम र विवरण यकिन गर्न सकिएन । यस आर्थिक वर्षमा गाउँसभाबाट स्वीकृत नभएका, कार्यपालिकाको निर्णयले सम्पन्न भएका तथा निर्णय नै हुन बाँकी रहेका योजना सम्बन्धमा संख्या यकिन गरी गाउँसभाबाट अनुमोदन गराउनु पर्नेमा सो नगरी एकमुष्ठ रुपमा योजना अनुमोदन गर्ने निर्णय गर्दा आगामी दिनमा पनि निर्णय बेगर कार्य गर्ने प्रवृत्तीले प्रश्रय पाउने हुनाले यस्तो कार्यमा सुधार हुनुपर्दछ । विशेष परिस्थिती सिर्जना भई गाउँसभाको निर्णय बेगरको योजनामा रकम खर्च गर्नु/गराउनु परेमा सोको संख्या र रकम यकिन गरी औचित्य र आवश्यकताको आधारमा गाउँसभाबाट योजना अनुमोदन गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यस वर्ष कार्यालयले उपभोक्तासमितिबाट अधिकांश निर्माण कार्य गराएकोमा उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३२. | **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगायतका प्रमाण देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले गाउँस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप समेत लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ । | |
| ३३. | **योजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ६५ भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३४. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार तातोपानी गाँउपालिकाले देहाय बमोजिम रु. १,१४,२४,८७३।- सुविधावापत भुक्तानी भएको छ । | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| सि.नं. | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ७९०९६६ | ६४८३३३ | ३९४१८६४ | १५५५९९८ | ३०६६९८४ | १०००४१४५ |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | ३८८९९ | २५९३३ | १६५९६८ | ० | ० | २३०८०० |
| ३ | चाड पर्व खर्च | ६१००० | ५०००० | ३०४००० | १२०००० | २४०००० | ७७५००० |
| ४ | यातायात खर्च (मासिक) | ० | ० | ४१४९२८ | ० | ० | ४१४९२८ |
| | **जम्मा** | | | | | | ११४२४८७३ |

**वित्तीय समानिकरण अनुदान चालुतर्फः**

३५. **इन्धन सुविधाः** (भौ.नं. ८-२०७५।६।१४) कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ४ र सो सँग सम्बन्धित अनुसुची १ ले इन्धन सुविधा प्रति महिना गाउँपालिका अध्यक्षलाई ७० लिटर डिजल र ५ लिटर मोबिल, उपाध्यक्षलाई ६० लिटर डिजल र ५ लिटर मोबिल र वडा अध्यक्षलाई १५ लिटर पेट्रोल र १ लिटर मोबिल सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । कार्यालयले सो सुविधाको सट्टा गाउँपालिकाका निम्न पदाधिकारीहरुलाई गत आर्थिक वर्ष समेत १६ महिना २८ दिनको इन्धन र मोबिल सुविधा वापत रु नगदै भुक्तानी गरेको देखिएकोले ऐनको व्यवस्था विपरीत भुक्तानी भएको नगद असुल गर्नुपर्ने रु — ५५२९९०/-

| पद | नाम थर | इन्धन | मोबिल | जम्मा |
|---|---|---|---|---|
| अध्यक्ष | नवराज न्यौपाने | १४२२३९.०० | १२५००.०० | १५४७३९ |
| उपाध्यक्ष | गंगादेवि उपाध्याय | १२१९१९.०० | १२५००.०० | १३४४१९ |
| वडा अध्यक्ष १ | प्रेम बहादुर कठायत | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष २ | कृष्ण बहादुर बुढा | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ३ | डिल्ली बहादुर रावल | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ४ | धिर जैसी | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ५ | हरि बहादुर डागी | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ६ | विशाल खड्का | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ७ | मस्कर बहादुर रावल | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| वडा अध्यक्ष ८ | कृष्णबहादुर शाही | ३०४७९.०० | २५००.०० | ३२९७९ |
| जम्मा | | ५०७९९० | ४५००० | ५५२९९० |

३६. **विल भर्पाई**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने तथा खर्च भएको सवै रसिद विल भर्पाईहरुमा सिलसिलेवर नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च विल भरपाई पेश नभएकोले विल भर्पाई पेश हुनु पर्ने रु.. — १९५१०६/-

| गो.भौ । मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १-२०७५/५/२५ | तुलराज परियारको दैनिक भ्रमण भत्ता भुक्तानीमा भरपाई नगरेको | ५०६०० |
| ५-२०७५/६/११ | विविध खर्च | ५०००० |
| ५-२०७५/९/९ | भैपरी खर्च | ५००० |
| २२२-२०७६/२/१६ | भ्रमण खर्च नवराज न्यौपाने | ३७००० |
| ४६-२०७५/८/१२ | प्रतिनिधी सुविधा वापत भुक्तानी गर्दा नरेन्द्र बहादुर कठायतको भरपाई नभएको | १२५०६ |
| २३-२०७५/१२/१२ | पूजीगत अनुदान | ४०००० |
| | जम्मा | **१९५१०६** |

३७. **विल भर्पाई**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८)मा कुनै रकम भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्चमा विल भरपाई पेश गरेको नदेखिएकोले उक्त खर्चलाई वास्तविक मान्न नसकिएकोले विल भर्पाइ भन्दा बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु — ७५६००/-

| गो.भौ । मिति | विवरण | भुक्तानी रकम | विल भरपाईको रकम | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १०-२०७५/६/१७ | विविध खर्च | २२६००० | १५३६०० | ७२४०० | |
| १४-२०७५/६/१८ | विविध खर्च | ३२०० | ०.०० | ३२०० | |
| | **जम्मा** | २२९२०० | **१५३६००** | **७५६००** | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३८. | **फरक शिर्षकबाट भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२)(क) मा खर्च गर्ने वा निकासा दिने अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षक भित्र पर्छ र खर्च गर्न बाँकि भन्ने कुरा यकिन गरेर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भुक्तानी दिदा फरक खर्च शिर्षक बाट खर्च लेखेको देखिएकोले खर्च रकम अनियमित देखिएको, रु... | ३६३५००/- |

| गो.भौ । मिति | विवरण | खर्च भएएको शिर्षक | खर्च गर्नुपर्ने शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८०-२०७५/१०/११ | कम्प्युटर, कार्यालय सामान, सोलार आदि खरिद | पानी तथा बिजुली | कार्यालय सामान | ५०००० |
| | | परामर्श | | १००००० |
| १०८-२०७५/१०/२९ | ग्यास हिटर, ग्यास सेट | ईन्धन | कार्यालय सामान | २१३५०० |
| | जम्मा | | | ३६३५०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३९. | **बोर्डिङ पास:** हवाई यात्रा वापत रकम खर्च लेख्दा हवाइ टिकट तथा वोर्डिङ पास संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । कार्यालयले निम्न भौचर र मिति बाट निम्नानुसारको दैनिक तथा भ्रमण खर्च भुक्तानीमा हवाई भाडा भुक्तानी गर्दा बोर्डिङ पास संलग्न नभएकोले पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नु पर्ने रु...... | ४७२८४/- |

| गो.भौ । मिति | भ्रमण गर्ने पदाधिकारी | दर्जा | भ्रमण मिति र स्थान | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| २४-२०७५/६/२२ | अंगराज डागी | ना.सु. | २०७५/४/२७-२०७५/५/२ काठमाडौ | १०९६० | वित्तिय समानिकरण चालु |
| २८-२०७५६/२४ | गंगादेवि उपाध्याय | उपाध्यक्ष | २०७५/३/२८-२०७५/४/३ नेपालगंज | १०९३० | |
| | आदी प्रसाद न्यौपाने | | २०७५/५/१९-२०७५/५/२५ काठमाडौ | ८७१० | |
| ३४८-२०७६/३/१९ | तुलराज परियार | स.ले.पा. | २०७६/२/३१-२०७६/३/५ काठमाडौ | ५३३५ | |
| १३-२०७५/११/५ | धिर जैसी | वडा अध्यक्ष | २०७५/५/१५-२०७५/५/२३ काठमाडौ | १०१०० | कटेन्जेन्सी |
| | विशाल खड्का | | २०७५/५/१५-२०७५/५/२३ काठमाडौ | १०१०० | |
| २४-२०७६/१/१० | रामदत्त पाण्डे | लेखापाल | २०७५/११/६-२०७५/११/१२ काठमाडौ | १३३४७ | |
| | जम्मा | | | ४७२८४ | |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४०. | **आर्थिक सहायता:** आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामन दिने गरी निकासा दिन नहुने व्यवस्था छ । कार्यालयले निम्न भौचर र मिति बाट सिमित व्यक्ती वा समुहलाई फाईदा पुग्ने गरी आर्थिक सहायता वापत रु.१६५१०००।०० भुक्तानी गरेको रकम नियमित हुन नसकेको रु.......... | १६५१०००/- |

| गो.भौ. । मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| ४२-२०७५/८/९ | कर्णाली एअर डाइनामिक रिसर्च क्लब एण्ड एडभेन्चर ग्रुप | ५००००० |
| ४५-२०७५/८/१० | गिता सार्कि | ५००० |
| ४८-२०७५/८/१३ | नरेन्द्र सार्कि | १०००० |
| ५७-२०७५/८/२१ | प्रोग्रेसिभ इन्जिनियरीङ नेपाल | १५००० |
| ७९-२०७५/९/९ | धनबिर कामी | १०००० |
| ८३-२०७५/९/१० | बिष्णु ऋषी पाण्डे | १०००० |
| १६०-२०७६/१/२ | जुन बहादुर कुवर | १०००० |
| १०९-२०७५/१०/२९ | कर्णाली एअर डाइनामिक रिसर्च क्लब एण्ड एडभेन्चर ग्रुप | ४७५००० |
| १३८-२०७५/१२/१३ | कर्णाली एफ्.एम्. | २३७५०० |
| १२४-२०७५/१२/५ | ऐना देवि चौलागाई समेत ८ जना | २९००० |
| | देविकृष्ण चौलागाई समेत ८ जना | ४५००० |
| २०९/२०७६/२/८ | दुर्गा बुढा | १०००० |
| | भवानी आधारभुत विद्यालय | १०००० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| | विसु दमाई | ५००० |
| | जुम्ली सेवा बाँके | ५००० |
| २६४-२०७६/३/१७ | गंगा बहादुर हमाल | २०००० |
| | कमला नेपाली | २५०० |
| | बिष्णुमाया देवकोटा | २५०० |
| | विश्वराज न्यौपाने | ५००० |
| २६१-२०७६/३/१६ | मन बहादुर हमाल | १५००० |
| २४९-२०७६/३/१२ | गणेश आधारभुत विद्यालय | २०००० |
| २४८-२०७६/३/१२ | रिना शाही | १८००० |
| | मिव बहादुर शाही | ७००० |
| | कवारी चौलागाई | ७००० |
| | निर्मला शाही | ५००० |
| | मदन रावल | ६००० |
| | तिलरी पुन | ७००० |
| | भवी रावत | ७५०० |
| २९७-२०७६/३/१९ | खड्क बहादुर कठायत | ६००० |
| ३७९-२०७६/३/१३ | कर्णाली कला तथा संकृती संरक्षण मञ्च जुम्ला | २००००० |
| ३४९-२०७६/३/१९ | ने.प.शि. संगठन | २०००० |
| | जम्मा | १७२५००० |

४१. **पारीश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ तथा आर्थिक ऐन, २०७५ अनुसार पारिश्रमिक भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न भुक्तानीमा कट्टा गरेको निम्नानुसारको पारिश्रमिक कर दाखिला गर्नु पर्ने रु — १७२००/-

| गो.भौ । मिति | विवरण | दाखिला गर्नुपर्ने कर |
|---|---|---|
| ११-२०७५/६/१८ | विभिन्न वैठक भत्ता भुक्तानीमा कट्टा गरिएको कर | ९०० |
| ९६-२०७५/१०/२२ | विभिन्न वैठक भत्ता भुक्तानीमा कट्टा गरिएको कर | १६३०० |
| ३७५-२०७६/३/२० | विभिन्न वैठक भत्ता भुक्तानीमा कट्टा गरिएको कर | ७९५० |
| | जम्मा | १७२०० |

४२. **जडिबुटी अनुगमन भत्ताः** १९-२०७५।६।१९, कार्यालयले गाउपालिकाको जंगलमा जडिबुटी अनुगमन गर्न जाने टोलिलाइ आर्थिक सहायता वापत बलबहादुर खत्री लगायत १३ जनालाई रु.१०,०००।०० का दरले रु.१३००००।०० भुक्तानी गरेको देखियो । वार्षिक कार्यक्रममा जडिबुटी अनुगमन सम्बन्धमा कुनै पनि कार्यक्रम नरहेको अवस्थामा कार्यपालिकाले निर्णय गरेर भुक्तानी गरेको नियम सम्मत देखिएन । कार्यालयले कार्यविधि बनाएर मात्र यस प्रकारको भुक्तानी गर्नुपर्ने देखिएको, रु. ......................... — १३००००/-

४३. **आमन्त्रीत भत्ताः** ४७-२०७५।८।१२, कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन समितिमा आमन्त्रित सदस्य रहने व्यवस्था छैन । गाउपालिकामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन पुनरावलोकन र पुनरावलोकन मुल्यांकन समितिको बैठकमा आमन्त्रित सदस्य भई नायब सुब्बा पुन्यलाल न्यौपाने र लेखापाल रामदत्त पाण्डेलाई जनही रु५१००।०० का दरले जम्मा १०२००।०० भुक्तानी गरेको देखिन्छ । कार्य सम्पादन मुल्यांकन समितिमा आमन्त्रित सदस्यको व्यवस्था हुने नभएको अवस्थामा नियम विपरीत भुक्तानी भएको बैठक भत्ता रु.१०२००।०० असुल गर्नु पर्ने रु.... — १०२००/-

४४. **नियम विपरीत भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(८) मा कार्यालय वा तोकिएको स्थान बाट पन्ध्र किलोमिटर भित्र दैनिक भत्ता र होटल बास खर्च नपाउने व्यवस्था छ । कार्यालयले निम्नानुसारको दैनिक भत्ता भुक्तानी गर्दा तोकिएको स्थान बाट १५ किलोमिटर भित्र भ्रमण गर्दा दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेको देखियो । नियमावलीको व्यवस्था विपरीत गरेको भुक्तानी असुल गर्नु पर्ने रु — ८२०७०/-

| गो.भौ. मिति | भ्रमण गर्ने पदाधिकारीको नाम | भ्रमण गरेको स्थान | भ्रमण मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| ७३-२०७५/९/५ | रामदत्त पाण्डे | लाम्रा | २०७५/५/१३-२०७५/५/१९ | ८००० |
| | देबराज गिरी | सम्पुर्ण वडा | २०७५/५/१२-२०७५/५/१८ | ९२४० |
| | आनन्दलाल हमाल | वडा नं.५ | २०७५/७/५-२०७५/७/११ | ८२२० |
| १२४-२०७५/१२/५ | पदम प्रसाद उपाध्याय | वडा नं. ६ | २०७५/११/१०-२०७५/११/१६ | ९२५० |
| १३५-२०७५/१२/१२ | अंगराज डागी | हाकु, लाम्रा, | २०७५/११/१४-२०७५/११/२० | ८२५० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | रकम |
|---|---|---|---|---|---|
| | | कर्ण प्रसाद उपाध्याय | धौलापानी | २०७५/७/१३-२०७५/७/१७ | ५६१० |
| | १८८-२०७५/१/११ | सरिता शर्मा | वडा नं.१,२,३,४ र ५ | २०७५/१२/८-२०७५/१२/१४ | ११००० |
| | ३०७-२०७६/३/२० | कृष्ण बहादुर बुढा | आफ्नै वडा नं. २ मा अनुगमन गरेवापत | २०७६/२/३०-२०७६/३/१ | ४५०० |
| | | मुन बहादुर डागी | | | ४५०० |
| | | दुर्गा बुढा | | | ४५०० |
| | | विउरा सार्कि | | | ४५०० |
| | | विर बहादुर बुढा | | | ४५०० |
| | | **जम्मा** | | | **८२०७०** |

४५. **बढी भ्रमण भत्ता:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ६ को अनुसुची १ ले गाउँपालिकाका वडा सदस्यहरुले दैनिक भ्रमण भत्ता वापत रु १५००।०० प्रतिदिन पाउने व्यवस्था गरेको छ । कार्यालयले निम्नअनुसार भौचरबाट नियमावलीमा तोके भन्दा बढी भ्रमण खर्च भुक्तानी गरेको देखिदा बढी भुक्तानी रु २६७३५।- असुल गर्नु पर्ने रु — २६,७६५/-

| गो.भौ मिति | भ्रमण गर्ने पदाधिकारीको नाम | दर्जा | भ्रमण स्थान र मिति | भुक्तानी भएको रकम | नियमानुसार भुक्तानी हुनु पर्ने रकम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २७७-२०७५/१०/२८ | धिर जैसी | वडा अध्यक्ष | २०७५/४/२५-२०७५/४/३१, काठमाडौ | १७५०० | १६६०० | ९०० | वित्तिय समानिकरणा चालु |
| | | | २०७५/४/८-२०७५/४/१५ काठमाडौ | १८८०० | १६००० | २८०० | |
| ३७५-२०७६/३/२० | | | २०७६/३/१५-२०७६/३/२१ सुर्खेत | १५००० | १४३७५ | ६२५ | |
| | विशाल खड्का | | २०७६/२/२०-२०७६/२/२७सुर्खेत | १५००० | १४३७५ | ६२५ | |
| २७०-२०७५/३/१९ | प्रेमबहादुर कठायत | | २०७६/२/२२-२०७६/२/२८जुम्ला बजा | १०७६० | ९३७५ | १५८५ | |
| १०-२०७६/३/३० | विष्णु बहादुर रावल | | वडा नं. ४,५,६ | ५६८० | ०.० | ५६८० | वित्तियसमानकरण पूजीगत कृषि |
| | विशाल खड्का | वडा अध्यक्ष | | ४८५० | ०.०० | ४८५० | |
| | धिर जैसी | | | ४८५० | ०.०० | ४८५० | |
| | हरि बहादुर डाँगी | | | ४८५० | ०.०० | ४८५० | |
| | | **जम्मा** | | **९७२९०** | **७०७२५** | **२६७६५** | |

**वित्तीय समानिकरण अनुदान पूँजीगततर्फः**

४६. **बजेट अवण्डा :-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ठ राख्न नपाइने उल्लेख छ । कार्यालयले गाउँपालिकाबाट आ.व.२०७५/७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा योजनागत रुपमा बजेट बाँडफाँड नगरी निम्नानुसारको शीर्षकमा एकमुष्ठ रुपमा रु.६१,००,०००।- बजेट व्यवस्था गरेको देखियो । ऐनमा भएको व्यवस्था बमोजिम परिषद्ले योजनागत रुपमा आफूखुशी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| सि.नं. | भौ.नं./मिति | विवरण |
|---|---|---|
| १. | विभिन्न खेल व्यवस्थापन | ४००००० |
| २. | व्यक्ति, सहकारी, समूह र निजी उद्यमीलाई निर्व्याजी ऋण (उद्योग तर्फ ) | १०००००० |
| ३. | सहकारी, समूह र निजी उद्यमीलाई निर्व्याजी ऋण (स्वरोजगार तर्फ ) | १०००००० |
| ४. | दलित, अपांग र असहाय महिला र बालबालिकाको लागि कार्यक्रम | १२००००० |
| ५. | गाउँपालिकाको विविध व्यवस्थापन | ५००००० |
| ६. | परापर्श सेवा | १०००००० |
| ७. | महिला विकास व्यवस्थापन | १०००००० |
| | **जम्मा** | **६१०००००.००** |

४७. **दररेट फरक पारी बढी भुक्तानी** :- आयोजना सञ्चालनमा स्वीकृत जिल्ला दर रेट तथा नर्म्स अनुसार रकम भुक्तानी गर्नुपर्दछ । कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न निम्नानुसारको कार्यमा स्विकृत दररेट भन्दा बढी दररेट राखी लागत अनुमान गरेको र सोही बमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिएबाट रु. १६,१५,२५५।- बढी भुक्तानी दिएको देखियो । स्विकृत दररेट भन्दा बढी भुक्तानी गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने, रु. ........................................................ — १६१५२५५/-

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| शीर्षक | भौ.न./मिति | योजनाको नाम | कुल भुक्तानी | खरिद सामाग्री/विवरण | परिमाण | स्विकृत दर | भुक्तानी दर | बढी भुक्तानी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी | ९-०७६/३/२३ | गिडिखोला खानेपानी योजना वडा नं.४ | १९०००० | HDDE PIPE 32 MM (6kg) | ६०० मी. | ७६.६१ | ८४ | ४४३४ | ४४३४ |
| खानेपानी | ९-०७६/३/२५ | गौतमवाडा खानेपानी योजना वडा नं ४ | १९०००० | HDDE PIPE 32 MM (6kg) | ४५० मी. | ६८ – फानबिल | ८४ | ७२०० | ७२०० |
| खानेपानी | ११-०७५//३/२६ | सुर्कि खानेपानी मर्मत, वडा नं. ७ | | HDDE PIPE 32 MM (10kg) | ६०० मी. | ७६.६१ | ९१.५० | ८९३४ | ८९३४ |
| नदि नियन्त्रण | ६-०७५/३/१५ | हाँकु लाम्वाटी तटबन्ध निर्माण वडा नं. ४ | १०००००० | Gabion wooks 3× 1×1 | ३६ $M^3$ | ४४७६.१२ | ११७८८.७० | २६३२५३ | ४३८९९८ |
| | | | | Gabion wooks 2× 1×1 | ३६ $M^3$ | ३०९७.७४ | ७९७९.५६ | १७५७४५ | |
| विद्युत | ३-०७६/१/२ | ईमिल्चा विद्युत निर्माण कार्य, वडा -८ | ३३२५००० | 1:6 cement massonanry work | ७८.२५$M^3$ | १२७२१.६४ | १३९६९.९६ | ९७६८१ | ८९९७४४ |
| | | | | Stone Massorary wook m/m | ६९.२१ $M^3$ | ५६२० | १३९६९.९६ | ५७७९०१ | |
| | | | | wood works oor Roofing | ८.८९ $M^3$ | ५१२४९.५ | ७६४६४.५८ | २२४१६२ | |
| सिंचाई | ११-०७६/३/२५ | आर्यमूल चारकाटिया सिंचाई कुलो निर्माण, वडा नं. ४ | १८९३७५० | E/W Excavation for pipeline with hardsoil | १८८२.५० $M^3$ | ५४३.८४ | ४०७.८८ | २५५९४५ | २५५९४५ |
| | | **जम्मा** | | | | | | | **१६१५२५५** |

४८. **मू.अ.कर. फिर्ता :-** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधनले नियम ६ख पछि थपिएको नियम ६ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशींक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ती हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तीकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निर्माण व्यवसायीलाई निम्नानुसारको रु. ११,५१,६८९।- मू.अ.कर भुक्तानी गरेकोमा सो को ५० प्रतिशतले हुने रु. ५,७५,८४४।५० कट्टा गरी भुक्तानी गरेको नदेखिएकोले भुक्तानी गरेको मू.अ.कर रकम कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु. ................................ ११५१६८९/-

| सि. नं. | शीर्षक | भौ.न./मिति | निर्माण व्यवसायी फर्म/संस्था | पान नं. | वि.नं. | विल रकम | मू.अ.कर रकम | ५०% म्र.अ.कर |
|---|---|---|---|---|---|---|---|---|
| १. | खेलकुद | ९-०७६/३/११ | डि.वी-एस डिसी -चिमरा-जे.भी. | ६१०५५०१३३ | १-३/११ | ७९८००० | १०३७४० | ५१८७० |
| २. | खेलकुद | ११-०७६/३/१९ | गौतम निर्माण सेवा | ६०८३७३४२९ | १३-३/२० | २०१३०५ | २६१९५ | १३०९७.५० |
| ३. | म्याद थप | ३४-०७६/३/३० | गौतम निर्माण सेवा | ६०८३७३४२९ | ७-३/१९ | ७२७४१४ | ९४५८६ | ४७२९३ |
| ४. | सडक | ५-०७६/३/१२ | खड्क/पुष्प जे.भी. | ६०९४११८६५ | २-३/१२ | ६९४०४९ | ९०२२६ | ४५११३ |
| ५. | सडक | ६-०७६/३/१५ | खड्क/पुष्प जे.भी. | ६०९४११८६५ | ३-३/२३ | ६९९७६८ | ९०९७० | ४५४८५ |
| ६. | सडक | ७-०७६/३/२५ | कृष्णा निर्मण सेवा | ६०४८५७८४६ | २५-३/३० | १६४६४७ | २१४०४ | १०७०२ |
| ७. | सडक | ८-०७६/३/३० | गौतम निर्माण सेवा | ६०८३७३४२९ | १९-३/२६ | ३६९३१३ | ४८०११ | २४००५.५० |
| ८. | सडक | १०-०७६/३/३० | गौतम निर्माण सेवा | ६०८३७३४२९ | १७-३/२२ | ६२४९३६ | ८१२४२ | ४०६२१ |
| ९. | सडक | ११-०७६/३/३० | गणेश एण्ड यसोदा निर्माण सेवा | ६०१५४७२५० | ८-३/२९ | २९६३१० | ३८५२० | १९२६० |
| १०. | सडक | ९-०७६/३/३० | साना तिला कन्ष्ट्रक्सन | ६०६६६५९०४ | ४-३/३० | २६४५८४ | ३४३३६ | १७१६८ |
| ११. | सिंचाई | ९-०७६/३/२५ | गौतम निर्माण सेवा | ६०८३७३४२९ | ६-३/१९ | २०१३२० | २६१८० | १३०९० |
| १२. | विभिन्न शिर्षक | ४४-०७६/३/२४ | रारा इनोभेसन प्रा.लि. | ६०६६६३९५३ | १०-३/२० | ४३२००० | ५६१६० | २८०८० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३. | सिंचाई | ११-०७६/३/२५ | गौतम निर्माण सेवा | ६०८३७३४२९ | १४-३/२१ | ४४२९०४ | ५७५९६ | २८७९८ |
| १४. | विभिन्न शिर्षक | ४५-०७६/३/२६ | साझेदारी सहयोग केन्द्र | ३०२३३३८७७ | ३-३/१३ | १३०३०९७ | १६९४०३ | ८४७०१.५० |
| १५. | विभिन्न शिर्षक | ४८-०७६/३/१९ | Sustainable Busindess Initiative | ३०३४३३७०९ | १०-३/१५ | १६३९३८० | २१३१२० | १०६५६० |
| १६. | | | | | | ८८५९०२७ | ११५१६८९ | **५७५८४४.५** |

| | | |
|---|---|---|
| | **खानेपानीतर्फ :** | |
| ४९. | **गिडिखोला खानेपानी योजना :-** गो भौ.नं ७ मिति २०७६।३।२३ कार्यालयले गिडिखोला खानेपानी योजना ड्रेन निर्माण गर्न उपभोक्ता समितिसंग रु.२,३७,७९७- मा सम्झौता गरी कार्यसम्पन्न पेश गरेकोमा नापी तथा कार्यसम्पन्नमा 75 MM Hdpe Pipe (2.5) 60 RM @ Rs110 उल्लेख गरेकोमा उपभोक्ता समितिले विपिन ट्रेडर्स जुम्लाबाट १० मीटर मात्र खरिद गरेको देखिएकोले वास्तविक खरिद भन्दा ५० मी. बढी पाइपको नापी तथा सम्पन्न तयार गरेको देखिएकोले ५० मी. बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने, रु. | ५,५००/- |
| ५०. | **गौतमवाडा खानेपानी योजना :-** गो.भौ.नं. ९ मिति २०७६।३।२५ कार्यालयले गौतमवाडा खानेपानी योजना वडा नं ४ मा निर्माण गर्न उपभोक्ता समितिसंग रु.२,३७,७३२।- मा सम्झौता गरी कार्यसम्पन्न पेश गरेकोमा नापी तथा कार्यसम्पन्नमा 75 MM HOPE Pipe (2.5kg) गरेको देखिएकोले वास्तविक खरिद भन्दा ३० मी. बढी पाइपको नापी तथा कार्यसम्पन्न तयार गरेको देखिएकोले ३० मी. बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु. | ३३,०००/- |
| ५१. | **लिताकोट बाईराका खानेपानी योजना :-** भौ.नं २२ मिति २०७६।३।२६ कार्यालये वडा नं. ३ मा लिताकोट वाईराका खानेपानी योजना निर्माण गर्न उपभोक्ता समितिले रु.९५,८८६१।- व्यहोर्ने गरी कुल रु.४७,५८,८६१।- मा सम्झौता गरेकोमा यस वर्ष प्रथम रनिङ्ग बिलबाट रु.३४,७५,२४७।- भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् : | |
| | (क) उपभोक्ता समितिले ज्यामी ज्यालावापत डोर हाजिरीबाट रु. २०,२१,७६०।- खर्च लेखेकोमा सोमा कट्टा गरेको १% सामाजिक सुरक्षा कर रु.२०,२१८।- दाखिला गरेको नदेखिएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु.... | २०,२१८/ |
| | (ख) उपभोक्ता समितिले पेश गरेको रु.२५,४१,८००।- बराबरको सामाग्री खरिदको विल विजकमा १.५% ले हुने अग्रिम कर वापतको रु.३८,१२७।- असुल गरी दालिखा गर्नुपर्ने रु. | ३८,१२७/- |
| ५२. | **बुन्तडि खानेपानी योजना :-** भौ.नं १० मिति २०७६।३।२५ कार्यालयले वडा नं ८ मा वुन्तडि खानेपानी योजना निर्माण गर्न उपभोक्ता समितिले रु ९५१४८।०० व्यहोर्ने गरी कुल ४७५१४७।- मा सम्झौता गरेकोमा लागत अनुमान, नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा २० MM HDPE DIPE 1600 rm @Rs 56.50 दरले खपत भएको उल्लेख गरेकोमा उपभोक्ता समितिले रावल हार्डवेयर एण्ड सप्लायर्स, जुम्लाबाट 20mm Pipe 2400m तथा 25 mm Pipe 400m रु. १७२५५१।- खरिद गरेको बिल पेश गरेको देखियो । उपभोक्ता समितिले घटि कार्यसम्पन्न गरी लागत अनुमान हाराहारीको विल भरपाई देखाउन बढी परिणाममा पाइप खपत विल पेश गरेको देखिएकोले नापी तथा सम्पन्न प्रतिवेदन बमोजिम खपत भएको पाइपको रकम जोडी बाँकी रकमको घटी कार्यसम्पन्न कायम गरी उपभोक्ता समितिको अंश कट्टा गरी बढी भुक्तानी रु.६५,७२१।- असूल गरी दाखिला गर्नुपर्ने रु. | ६५,७२१/- |
| | **वन तर्फ :-** | |
| ५३. | **वृक्षारोपण कार्य :-** भौ.नं.१ मिति २०७५।१२।५ कार्यालयले दुर्गा मा.वि. वडा नं.५ लाम्रामा वृक्षारोपण कार्य वापत लागत अनुमान अनुसार पिपल विरुवा १५० रु.२५, सल्लो १०० रु.२५, देवदेयार १०० रु.२५, धुपी १५० रु.१०० समेत कुल रु.२३,७५०।- को विरुवा वृक्षारोपण कार्य सम्पन्न गरेको भनि विद्यालयको खातामा रु.९५,०००।- निकासा गरेकोमा वृक्षारोपण कार्य सम्पन्न गरेको कुनै प्रमाण पेश गरेको देखिएन । वृक्षारोपण कार्य सम्पन्न गरेको फोटो, खर्चको बिलभरपाई तथा कार्यसम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश गर्नुपर्ने देखिएको, रु. ...... | ९५,०००/- |
| | **पशु विकासतर्फ :** | |
| ५४. | **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्दछ । भौ.नं २ मिति २०७५।८।१८ प.से.प्रा. हरि प्रसाद देवकोटाले कृत्रिम गर्भाधान सामाग्री खरि वापतको रु.३,२५,०००।- पेश्की फछ्र्यौट गर्दा कट्टी गरेको रु.३,९८०।- अग्रिमकर दाखिला नगरेकोले अविलम्ब उक्त रकम असूल गरी दालिखा गर्नुपर्ने, रु... | ३९८०/- |
| | **खेलकुद तर्फ :** | |
| ५५. | **गाउँपालिका स्तरिय फुटबल प्रतियोगिता :-** कार्यालयले यस वर्ष गाउँपालिका स्तरिय फुटबल प्रतियोगिताको लागि रु. १ लाख बजेट विनियोजन गरेकोमा सो रकम अपुग भनि कार्यपालिकाको मिति २०७५।७।२६ को निर्णयले गो.भौ.नं. ३ मिति २०७५।८।१४ मा ना.सु. पदम प्रसाद उपाध्यायलाई रु.१,३०,०००।- थप गरी भुक्तानी गरेको देखियो । त्यसैगरी निज ना.सु. पदम प्रसाद उपाध्यायलाई गो.भौ.नं. ५ मिति २०७५।८।१४ मा गाउँपालिका स्तरिय | ३३००००/- |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | फुटबल प्रतियोगिताको रु. १ लाख पेश्की फछ्र्यौट गरी रु. ९० हजार भुक्तानी गरको देखियो । यसरी गाउँपालिका स्तरीय फुटबल प्रतियोगिताको लागि कुल रु.३,३०,०००।- खर्च भुक्तानी गरेको देखियो । उक्त प्रतियोगिता संचालनको सम्बन्धमा लागत अनुमान समेत तयार नगरी प्रतियोगिता संचालनको दौरानमा कार्यपालिकाले निर्णय गरेर तथा निणय वेगर नै विनियोजित बजेट भन्दा ३ गुणा बढी रकम खर्च लेखेको देखिन्छ । प्रतियोगिता संचालनको स्पष्ट खाका तथा लागत अनुमान समेत तयार नगरी प्रतियोगिताको लागि पटक पटक निर्णय गरेर विनियोजित बजेटभन्दा ३ गुणा बढी खर्च लेखेको औचित्य पुष्टी हुन सकेन । अतः यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिएको रु. | |
| ५६. | **रंगशाला निर्माण कार्यको DPR तयारी :-** कार्यालयले तलिज्यूला टापु, हाँकु, वडा नं ४ मा रंगशाला निर्माणको लागि DPR (विस्तृत परियोजना प्रतिवेदन) तयारीको लागि रु.१० लाख बजेट विनियोजन भई रु.४७,४६०।- कन्टिजेन्सी वापत कट्टा गरी डि.बि.-एस.डि.सी - चिमरा जे.भी, जुम्लालाई रु.९,०१,७४०।- भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् : | |
| | (क) कार्यालयले भौ.नं. ७ मिति २०७५।१२।२८ TOR निर्माणकर्तालाइ खाना र खाजा वापत प्र.प्र.अ. खडानन्द चौलागाई समेत ३ जनालाई प्रति व्यक्ति रु.७०००।- का दरले रु.२१,०००।- तथा TOR Typing कर्तालाई खाना/खाजा वापत ना.सु. पदम प्र. उपाध्यायलाई रु.४,०००।- खर्च लेखेकोमा सोही भौचरबाट खाना/खाजा वापत कार्की होटल, तातोपानीलाई समेत रु.४६५०।- भुक्तानी गरेको देखिएकोले खाना खाजा वापत होटलमा भुक्तानी गरेको रकम रु.४,६५०।- बाहेकको रु.२५,०००।- असुल गरी दाखिला गर्नुपर्ने रु. | २५,०००/- |
| | (ख) कार्यालयले रंगशाला निर्माणको DPR तयार गर्न योजना तथा विकास क्षेत्रमा कम्तीमा ७ वर्षको अनुभव भएको, सो खुल्ने अनुभव पत्र र साक्षरता पत्र तथा DPR निर्माणको अवधारण पत्र समेत पेश गर्नुपर्ने योग्यताको सूचना मिति २७५।११।२३ मा प्रकाशन गरेकोमा कोटेशन पेश गर्ने ६ मध्ये डि.वि. मल्टी इन्जिनियरिङ्ग कन्सल्टेण्ट प्रा.लि. समेत ५ वटा फर्मको उल्लेखित योग्यता नपुगेको देखियो । पेश भएका कोटेसन मध्ये डि.वि मल्टि इन्जिनियरिङ कन्सलटेन्ट प्रा.ली. बाहेक अन्य ५ फर्महरु हाल सालै दर्ता भएका तथा सुचनामा माग गरेको अनुभव सम्बन्धी अन्य योग्यता नपुगेका फर्महरु रहेको पाइयो । कार्यालयले कोटेशन दर्ता गर्ने फर्महरु मध्येबाटै JV निर्माण गरी आएको डि.बि. एस डि.सि.-चिमरा जे.भी.संग रु. ९,०१,७४०।- मा DPR निर्माण गर्न सम्झौता गरेकोमा सम्झौता पूर्व JV दर्ता नगरी पछि मात्र दर्ता गरेको देखियो । कार्यालयले सुचना माग गर्दा उल्लेख गरेको योग्यता भित्र नपर्ने फर्महरु मध्येबाट JV दर्ता समेत नगरी काम गर्न सम्झौता गरेबाट DPR तयारी कार्य प्रतिस्पर्धात्मक रुपमा भयो भन्न सक्ने आधार भएन । यस सम्बन्धमा कार्यालयले यकिन गर्नुपर्ने देखिएको रु. | ९,०१,७४०/- |
| | **महिला तर्फ :** | |
| ५७. | **ढाका बुनाई सीप विकास तालिम** :- गो.भौ.नं. ६ मिति २०७६।३।२४ कार्यालयले महिला अधिकार केन्द्र, मुगु नामक गैह्रसरकारी संस्था मार्फत महिलाहरुको लागि ढाका बुनाई सीप विकास तालिम संचालन गरी रु.२,८५,०००।- भुक्तानी गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : | |
| | (क) कार्यालयले ८ जना सहभागीलाई ४५ दिने ढाका बुनाई सीप विकास तालिम कार्यक्रम स्वीकृत गरेकोमा संस्थाले स्वीकृत कार्यक्रम भन्दा ३० दिन बढी समयसम्म कार्यक्रम संचालन गरेको बिल भरपाई पेश गरेको देखिएबाट बजेट सकाउने उद्देश्यले स्वीकृत कार्यक्रम भन्दा बढी समयसम्म तालिम गरेको बिल भरपाई पेश गरेको देखिन्छ । स्वीकृत कार्यक्रम संशोधन नै नगरी फरक ढंङ्गले तालिम संचालनको बिल भरपाई भुक्तानी गरेको कार्य नियमसम्मत देखिएन । | |
| | (ख) तालिम कार्यक्रमको प्रशिक्षक भत्ता वापत लक्ष्मी कुमारी थापालाई प्रति महिना रु.३०,०००।- का दरले ७५ दिनको रु.७५,०००।- भुक्तानी गरेकोमा ४५ दिनको मात्र कार्यक्रम स्विकृत गरेको देखिएकोले ४५ दिन भन्दा बढी ३० दिनको रु.३०,०००।- तथा ४५ दिनको रु.४५,०००।- पारिश्रमिकमा घटि पारिश्रमिक कर कट्टा गरेको रु.६,७५०।- समेत रु.३६,७५०।- असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु. | ३६,७५०/- |
| | (ग) सहभागिलाई खाजा/नास्ता वापत प्रति दिन रु.४००।- का दरले ७५ दिनको रु.१,५०,०००।- खर्च लेखेकोमा स्वीकृत कार्यक्रम भन्दा ३० दिन बढी देखाई बढी खर्च लेखेको रु.६०,०००।- तालिम संचालकबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ६०,०००/- |
| | **पुराने म्यादतर्फ :** | |
| ५८. | **उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गरेको :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर डोजर, ग्रेटर विटुमिन डिस्ट्रीव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेसिन प्रयोग गर्न नमिल्ने उल्लेख छ । कार्यालयले भौ .नं. ३४ मिति २०७६।३।३० बाट वडा नं. ६ मा हियाखोला देखि शसस्त्र प्रहरी कार्यालयसम्म ग्रामिण सडक निर्माण गर्न रु.१४,१४,७०३।- मा सम्झौता गरेकोमा उपभोक्ता समितिले एक्साभेटर, डोजर लगायतका हेभि मेशिन प्रयोग गरी कार्य सम्पन्न गरेको देखियो । कार्यालयले कार्य सम्पन्न पश्चात रु ८५५०००।०० भुक्तानी गरेकोमा नियमावलीको | ८,५५,०००/- |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>व्यवस्था विपरीत उपभोक्ता समितिले हेभी मेशिन प्रयोग गरेको नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>५९.</td><td>लिताकोट बाईराका बृहत खानेपानी योजना :- कार्यालयले यस वर्ष गत आ.व.को क्रमागत लिताकोट वाईराका बृहत खानेपानी योजनाको दोस्रो र तेस्रो रनिङ्ग बिल वापत उपभोक्ता समितिलाई रु. २३,३४,०००।- भुक्तानी गरेकोमा चालु आ.व.मा समेत सोही योजनामा खानेपानी शीर्षकबाट रु. ४० लाख बजेट विनियोजन गरी खानेपानीतर्फको भौ.नं. १२ मिति २०७६।३।२६ बाट प्रथम रनिङ्ग बिलको रु ३४,७५,२४७- भुक्तानी गरेको देखियो । यस सम्बन्धमा गत आ.व.मा उक्त योजनालाई ६० लाख बजेट विनियोजन गरेको र यस आ.व.मा पुनः थप ४० लाख बजेट विनियोजन गरेको कार्यालयको भनाई रहेको पाइयो । एउटै योजनामा बर्षेनी बजेट विनियोजन गर्ने, विगत आ.व. देखि सोही योजना क्रमागत रहने प्रवित्तिले योजनाको कार्यमा दोहोरो भुक्तानी हुने सम्भावना रहन्छ भने अर्कोतर्फ दिर्घकालिन महत्वको बहुवर्षिय योजना ठेक्का मार्फत नगरी लागत टुक्राएर उपभोक्ता समिति मार्फत गर्दा कार्यको गुणस्तरमा आवस्त हुन सकिँदैन । कार्यालयले गत वर्षको कार्यप्रगति र यस वर्षको कार्य प्रगति सम्बन्धमा छानविन गरी वास्तविकता यकिन गर्नुपर्दछ । साथै यस प्रकारले योजना र लागत टुक्राएर बर्षेनी बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनपर्ने देखिएको रु.</td><td>५८०९२४७/-</td></tr>
<tr><td>६०.</td><td>उपभोक्ता समितिको बिल भरपाई :- सार्वजनिक खरिद नियावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई, मष्टररोल र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट सम्पन्न गरेका अधिकांश निर्माण कार्यमा लागत अनुमान, नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित परिमाणमा स्वीकृत नर्म्स भन्दा दोब्बर/तेब्बर बढी संख्यामा ज्यामी प्रयोग गरेको भनी मष्टररोल पेश गरेको देखियो । यसबाट उपभोक्ता समितिले बिल भरपाई पुऱ्याउनकै लागि अधिक मात्रामा मष्टररोल (डोरहाजिरी) फारम राख्ने गरेको देखियो । कार्यालयले नर्म्स भन्दा बढी संख्याको मष्टररोल यकिन गरी उपभोक्ता समितिलालई जिम्मेवार बनाउनुपर्दछ । स्वीकृत नर्म्स तथा लागत अनुमान भन्दा बढी संख्याको मष्टररोल राखेका केही उदाहरण निम्नानुसार छन् :
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम/उपभोक्ताको समिति</th><th>बिल भरपाई पेश</th><th>भुक्तानी रकम</th><th>स्वीकृत नर्म्स चाहिने अनुसार ज्यामी संख्या</th><th>पेश गरेको मष्टरोलको ज्यामि संख्या</th><th>बढी %</th></tr>
<tr><td>१.</td><td>वडा नं. ४ कार्यालय भवन निर्माण उ.स.</td><td>२१७४१५०</td><td>१२७८०००</td><td>१२५०</td><td>२८३८</td><td>१२७.०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१.</td><td>डिजिटल हाजिरी मेशिन :- गो.भौ.नं ४ मिति २०७५।६।२४ बाट सिम्पल इन्टेलिजेन्ट सिष्टम प्रा.लि.लाई डिजिटल हाजिरी मेशिन खरिद वापत रु.४५,२००।- भुक्तानी गरेकोमा उक्त मेशिन जिन्सी दाखिला गरेको देखिएन । साथै गाउँपालिकाको लेखापरीक्षण अवधि मिति २०७६।५।९ सम्म पनि डिजिटल हाजिरी मेशिन संचालनमा आएको देखिएन । कार्यालयले उक्त मेशिन जडान गरी डिजिटल हाजिरी संचालनमा ल्याउनुपर्ने देखिएको रु.</td><td>४५,२००/-</td></tr>
<tr><td>६२.</td><td>पूँजीगतबाट चालु प्रकृतिको खर्चः- कार्यालयले पूँजीगत खर्च शीर्षकबाट चालु प्रकृतीको कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारको चालु प्रकृतिको खर्च पूँजीगत शीर्षकबाट लेखेको देखियो । नियममा भएको व्यवस्था विपरीत पूँजीगत बजेट शीर्षकबाट चालु प्रकृतिको खर्च लेखेको नियमसम्मत नेदेखिएको रु
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>५-२०७५/५/१९</td><td>क्यालेन्डर छपाई</td><td>कार्यालय सम्बन्धी खर्च</td><td>३०००००</td></tr>
<tr><td>२.</td><td>११-२०७५/९/८</td><td>दैनिक भ्रमण भत्ता</td><td>प्रा.स.सुर्जा बोहरा</td><td>५६००</td></tr>
<tr><td>३.</td><td>१४-२०७५/१२/१२</td><td>विविध खर्च</td><td>स्नोल्याण्ड होटल एण्ड रेष्टुरेण्ट</td><td>५१०००</td></tr>
<tr><td>४.</td><td>२१-२०७५/१२/१०</td><td>पदाधिकारी सेवा सुविधा</td><td>विभिन्न पदाधिकारीलाई</td><td>२४९७०५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८५३६५०</td></tr>
</table></td><td>२८५३६५०/-</td></tr>
<tr><td>६३.</td><td>जिप रिर्जभ :- कार्यालये भौ.नं. १० मिति २०७५।९।८ बाट जुम्ला देखि नेपालगञ्जसम्म जिप रिर्जभ वापत जी पि. जिप सेवा, जुम्लालाई रु. ३०,०००।- तथा गाउँपालिकाले जिप प्रयोग गरेवापत वृष ब. मल्ल, मुगुलाई रु.३०,०००।- समेत रु.६०,०००।- भुक्तानी गरेकोमा जिप रिर्जभको स्पष्ट उद्देश्य तथा सम्फौता समेत पेश गरेको देखिएन । कार्यालयले उल्लेखित प्रमाण पेश गर्नुपर्ने, साथै भाडा वापतको भुक्तानीमा भाडा कर कट्टी गरेको नदेखिएकोले, १०% भाडाकर वापत हुने रु.६०००।-समेत असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.</td><td>६०,०००/-</td></tr>
<tr><td>६४.</td><td>आर्थिक सहयोग :- महालेखानियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिका, २०६४ अनुसार आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वित्तिय समानिकरण अनुदान पूँजीगतबाट निम्नानुसारको रु. ८५,५५५।- बराबरको रकम आर्थिक सहायता वापत खर्च गरेको नियमसम्मत देखिएन । यस्तो प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको, रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं./मिति</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>९-२०७५/८/९</td><td>विश्व कल्याण त्रिवेणी धाम, जुम्ला</td><td>आर्थिक सहयोग</td><td>५५५५५</td></tr>
<tr><td>२.</td><td>४६-२०७६/३/२२</td><td>राष्ट्रिय अपाङ्गता सांस्कृतिक प्रतिष्ठान प्रा.लि. काठमाण्डौं</td><td>आर्थिक सहयोग</td><td>१००००</td></tr>
<tr><td>३.</td><td>४६-२०७६/३/२२</td><td>नविन सार्की, वडा नं. ५</td><td>औषधी उपचार</td><td>२००००</td></tr>
</table></td><td>८५,५५५/-</td></tr>
</table>

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा ८५५५५.०० | |

**६५.** **कार्यक्रम वेगर खर्चः-** गाउँसभाबाट स्वीकृत कार्यक्रम बाहेकका कार्यमा खर्च लेख्न नमिल्नेमा कार्यालयले यस वर्ष सम्पन्न गरेको निम्नानुसार कार्य गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रममा नरहेको तथा कार्यपालिकाले विभिन्न समयमा निर्णय गरी कार्यसम्पन्न गरेको देखिएकोले खर्च रकम समर्थन गर्नुपर्ने देखिएको, रु. .. — रकम: २७०५०००/-

| सि.नं. | भौ.नं./मिति | विवरण | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | १५-२०७५/१२/८ | JTA कक्षा सञ्चालन सामाग्री खरिद | दुर्गा मा.वि.लाम्रा- ५ | ९००००० |
| २. | १/-२०७५/१२/१८ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | हिमशिखर मा.वि., तातोपानी-२ | ९०२५०० |
| ३. | १९-२०७५/१२/१२ | आइ एस्सी एजी- सामाग्री खरिद | कालिका मा.वि. टोप्ला | ९०२५०० |
| | | | जम्मा | २७०५००० |

**६६.** **नदि नियन्त्रण कार्यमा फरक ढुङ्गाको प्रयोगः-** उपभोक्ता समितिमार्फत सम्पन्न हुने योजनामा लागत अनुमान र सम्झौता बमोजिमको गुणस्तर तथा रकमको परिधिमा रही कार्यसम्पन्न गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको नदी नियत्रण कार्य वापत विभिन्न ५ उपभोक्ता समितिलाई रु ३१,०७१,२२/- भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन र पेश गरेका बिल, भरपाई, फोटो समेत परिक्षण गर्दा लागत अनुमानमा खानीको ढुङ्गा Rubble Stone प्रयोग गरी ग्याबिन भर्नुपर्ने उल्लेख गरेकोमा उपभोक्ता समितिले खोलामा पाइने विभिन्न साइजको Bolder Stone प्रयोग गरी ग्याबिन भरेको देखियो । एकनासको खानीको ढुङ्गा प्रयोग गर्दा ग्याविन मजबुत भई तटबन्ध कार्य दिगो र टिकाउ हुनेमा उपभोक्ता समितिले खोलाबाटै प्राप्त हुने विभिन्न साना, ठुला फरक फरक साइजको ढुङ्गा प्रयोग गरी ग्याविन भर्दा ग्याविन वालको टिकाउपन घट्न जाने तथा कमजोर तटबन्ध निर्माण हुने देखिएकोले यस सम्बन्धमा कार्यालयले उपभोक्ता समितिलाई जिम्मेवार बनाई गुणस्तरको सुनिश्चितता गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | भौ.नं./मिति | विवरण | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | ३७-२०७६/३/२३ | चुकेनी नदि नियन्त्रण कार्य, वडा-५ | १२८३७०० | ९८०४०० |
| २. | ३८-२०७६/३/२४ | खारमाटा जिउलो तटबन्ध निर्माण वडा-१ | ४६२३१४ | ३८०००० |
| ३. | ४१-०७६/३/३० | लिफ्ट सिंचाई तटबन्ध-वडा- २ | ११८४१५४ | ९३४१५४ |
| ४. | ७-०७६/३/१५ | तुन्मुने देखि गाडाखेत सम्म तटबन्ध निर्माण- वडा - ६ | ५७०१५० | ४५५१५० |
| ५. | ८-०७६/३/२३ | माछा काटिया तटबन्धन निर्माण वडा-२ | ४५७४१८ | ३५७४१८ |
| | | | जम्मा | ३१०७१२२.०० |

**६७.** **सडक बत्ती जडान कार्यः -** भौ.नं. ३९ मिति २०७६।३।३० कार्यालये वडा नं. ३ मा सडक बत्ती जडान कार्य वापत मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्स, जुम्लालाई बिल बमोजिम मू.अ.कर समेत रु. ४९९८०१।- तथा भौ.नं ४० मिति २०७६।३।३० बाट वडा नं ६ मा सडक बत्ती जडान वापत प्रतिक्षा जनरल स्टोर एण्ड अर्डर सप्लायर्स, जुम्लालाई रु.४,९८,१५७- समेत रु. ९,९७,९५८।- भुक्तानी गरेकोमा लागत अनुमान, नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुन आएन । सौर्य सडक बत्ती कहाँ कतिवटा जडान गरेको हो स्पष्ट खुल्ने गरी उल्लेखीत प्रमाण पेश गर्नुपर्ने रु... — रकम: ४,९९,८०१/

**६८.** **पाठ्यपुस्तक छपाई :-** भौ.नं. ४२ मिति २०७६।३।३० मा कार्यालयले कक्षा १ देखि ३ सम्मको २३०० थान स्थानीय खस भाषाको पाठ्यक्रम छपाई वापत देवकोटा स्टेशनरी एण्ड जनरल अडर सप्लार्य, जुम्लालाई रु.३,०८,७५०।- भुक्तानी गरेकोमा उल्लेखित पुस्तक कार्यालयले प्राप्त गरी दाखिला गरेको देखिंएन । कार्यालयले अबिलम्ब उल्लेखित पुस्तक जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने, रु... — रकम: ३,०८,७५०/-

**विद्युततर्फ :**

**६९.** **विद्युत लाइन विस्तार कार्य :-** सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको कार्य उपभोक्ता समिति आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रक्टरबाट गराउन नहुने तथा कुनै कारणवश समिति वा समुदाय आफैले सो कार्य सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना सार्वजनिक निकायलाई दिनुपर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं. ४ मिति २०७६।३।२३ मा दारिम टाकुरा विद्युत लाईन विस्तार कार्यको लागि उपभोक्ता समितिले रु.३५००००।- व्यहार्ने गरी रु.१७,७५,०००।- मा उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पुनः नेपाल मेशिन एण्ड स्टिल स्ट्रक्चर बुटबलसँग सम्झौता गरी कार्यसम्पन्न गरेको देखियो । कार्यालयले कार्यसम्पन्न पश्चात उपभोक्ता समितिलाई रु १४,०३,७००।- भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिसँग विद्युत लाइन विस्तार जस्तो जटिल प्राविधिक कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिसंग सो प्रकारको प्राविधिक ज्ञान, सीप, दक्षता नभएकोले समितिले पुनः अन्य फर्मसंग सम्झौता गरी कार्य सम्झौता गरी कार्य सम्पन्न गरेको छ । यस प्रकारको जटिल प्राविधिक कार्य उपभोक्ता समिति मार्फत गराउनु नियमसम्मत नदेखिएको, रु... — रकम: १४०३७००/

**७०.** **बढी भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७(८) मा खर्च गर्दा रित पुगे वा नपुगेको जाँच

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ.नं. ११ मिति २०७५।११।३० मा छाडाफोक्टा धर्सा काँढ ग्रामिण सडक निर्माण वापत गणेश एण्ड यसोदा निर्माण सेवा, जुम्लालाई पेश गरेको बिजक बमोजिम मू.अ.कर. समेत रु.३,३४,८२८।- भुक्तानी गर्नुपर्नेमा रु.३,३८,८२८।- भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु.४०००।- असूल गरी दाखिला गर्नुपर्ने रु. | ४०००/- |
| | **सिंचाईतर्फ :-** | |
| | **विविध शीर्षकतर्फः -** | |
| ७१. | **जिन्सी र योजना सफ्टवेयर :-** भौ.नं. ४४ मिति २०७६।३।२४ कार्यालयले जिन्सी र योजना सफ्टवेयर वापत रारा इनोभेशन प्रा.लि. काठमाण्डौंलाई सम्झौता बमोजिम रु.४,७५,०००।- भुक्तानी गरेकामा उक्त सफ्टवेयर लेखापरीक्षण अवधिसम्म संचालनमा ल्याएको देखिएन । यस सम्बन्धी सम्झौता फाइल समेत लेखापरीक्षणको क्रममा पेश नगरेकोले सो सम्बन्धमा विस्तृत परिक्षण गर्न सकिएन । कार्यालयले उल्लेखित सफ्टवेयर अबिलम्ब जिन्सी दाखिला गरी नियमित संचालनमा ल्याउनुपर्ने देखिएको रु. | ४,७५,०००/ |
| ७२. | **गुरुयोजना निर्माण :-** भौ.नं. ४५ मिति २०७६।३।२६ कार्यालयले गाउँपालिकाको भौतिक विकासतर्फको गुरुयोजना निर्माण कार्यको लागि साझेदारी सहयोग केन्द्र (पेस नेपाल), जुम्लासंग सम्झौता गरी रु.१४,७२,५००।- भुक्तानी गरेको देखियो । कार्यालयले प्रस्ताव आव्हान गरी केन्द्रलाई छनौट गरेको जानकारी दिएता पनि प्रस्ताव आव्हान गर्दा गाउँपालिकामा के पूर्वाधार आवश्यक छ सो सम्बन्धमा स्पष्ट नखुलाई भौतिक विकासतर्फको गुरुयोजना निर्माणको लागि भनि प्रस्ताव मात्र गरेको देखिन्छ । केन्द्रले पेश गरेको गुरुयोजनामा गाउँपालिकाको लागि आवश्यक पूर्वाधार, सोको लागत तथा समयको सम्बन्धमा स्पष्ट उल्लेख गरेको देखिएन । कार्यालयले यस वर्ष गुरुयोजनामा आधारीत भई कुनै योजना छनौट नगरेतापनि आगामी वर्षको योजना छनौट गर्दा उल्लेखित गुरुयोजनामा आधारित भई योजना छनौट गर्नुपर्दछ । | |
| ७३. | **सामाजिक विकास गुरुयोजना :-** भौ.नं. ४८ मिति २०७६।३।१९ कार्यालयले गाउँपालिकाको सामाजिक विकासतर्फको गुरुयोजना निर्माण गर्न प्रस्ताव आव्हान गरी सस्टेनेबल विजिनेश इनिसिएटिभ प्रा.लि. ललितपुरसंग सम्झौता गरी रु.१८,५२,५००।- भुक्तानी गरेको देखियो । गुरुयोजना सबैले बुझ्न सक्ने सरल, सहज र नेपाली भाषामा तयार गरी पेश गर्नुपर्ने सम्झौताको शर्त विपरीत परापर्शदाताले अंग्रेजी भाषामा उपलब्ध गराएको देखियो । परामर्शदाताबाट अबिलम्ब उल्लेखित गुरुयोजना नेपालको सरकारी कामकाजको भाषामा तयार गरी पेश गर्नुपर्ने, रु. | १८,५२,५०० |
| ७४. | **बजेट भाषण भत्ता :-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानिय तहको पदाधिकारीले बजेट भाषण वापत भत्ता लिन पाउने व्यवस्था गरेको छैन । भौ.नं.५१ मिति २०७६।३।१९ बाट आ.व.२०७६/७७ को नीति तथा कार्यक्रममा बजेट निर्माण, लेखन, सम्पादन तथा प्रस्तुतिकरण गरेवापत गाउँपालिका उपाध्यक्ष श्री गंगादेवी उपाध्यायलाई रु.९५०००।- भत्ता भुक्तानी गरेकोमा ऐनको व्यवस्था विपरीतको उक्त भुक्तानीमा कर कट्टी गरी भुक्तानी गरेको रु.८०,७५०।- निजबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ८०,७५०/- |
| ७५. | **बढी भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा रकम खर्च गर्दा खर्चको रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालये भौ.नं.१ मिति २०७५।६।१४ मा विभिन्न फर्निचर खरिद वापत हाम्रो फर्निचर उद्योग समेत २ लाई रु.४,००,०००।- खर्च भुक्तानी गरेकोमा रु.३,८३,८१५।- बराबरको मात्र विजक पेश गरेकोले बिल बिजकभन्दा बढी भुक्तानी रु.१६,१८५।- असूल गरी दाखिला गर्नुपर्ने रु. | १६,१८५/- |
| ७६. | **संस्थागत छुटः** कार्यालयले पत्रपत्रिकामा सुचना छपाए वापतको रकम भुक्तानी गर्दा पत्र पत्रिकाले विल रकममा १५ प्रतिशत संस्थागत छुट दिने व्यवस्था छ । निम्नानुसारको सुचना छपाई वापत भुक्तानी गर्दा संस्थागत छुट नलिएको देखिदा संस्थागत छुट वापत रु ७७,६७०।- असुल गर्नु पर्ने रु | ५७५१० |

| गो.भौ मिति | मिडियाको नाम | बिल रकम | छुट |
|---|---|---|---|
| १०-२०७५/१०/२७ | River Advertising , Annapurna post | १४५६०० | २१८४० |
| | Patarasi Media Service Pvt.Ltd. | १७७८०० | २६६७० |
| ७-२०७५/९/१० | कर्णाली राष्ट्रिय मासिक | ६०००० | ९००० |
| | **जम्मा** | **३८३४००** | **५७५१०** |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ७७. | **होटल बिलः** भ्रमण खर्च नियमावली २०६४ ले दैनिक तथा भ्रमण खर्च लिएर भ्रमणमा गएको बेला होटलबास, खाना तथा खाजा खर्च भुक्तानी नगर्ने व्यवस्था गरेको छ । कार्यालयले धनप्रसाद चौलागाई र तिर्थ डाँगीलाई मिति २०७५।९।१७ देखि २०७५।९।२९ सम्म काठमाडौ भ्रमणमा जाँदा दैनिक तथा भ्रमण भत्ता वापत जनही रु.२८७८०।०० का दरले जम्मा रु.५७५६०।०० भुक्तानीको अतिरीक्त खाना खाजा र कोठा को विल वापत रु.८९७४०।०० समेत भुक्तानी गरेको देखिदा नियमावलीमा भएको व्यवस्था विपरीत भएको खर्च रु.८९७४०।०० असुल गर्नु पर्ने रु | ८९७४० |
| ७८. | **भ्रमण आदेश स्वीकृत नगरी खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ३ मा भ्रमण आदेश स्वीकृत नगरी भ्रमणमा जान नहुने व्यवस्था छ । कार्यालयले तुलराज परियार लाई मिति २०७५।१०।१३ देखि १९ सम्म ताम्दी | ८३००.०० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | भ्रमण जादा भ्रमण आदेश स्वीकृत नगरी रु.८३००।०० खर्च लेखेको छ । नियमावलीमा भएको व्यवस्था विपरित गरेको भुक्तानी असुल गर्नु पर्ने रु.. | |
| | **सामाजिक सुरक्षा तर्फ :** | |
| ७९. | **लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ परिच्छेद २ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ८०. | **अनाधिकृत व्यक्तिले भत्ता वुझेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ परिच्छेद ४ को दफा १६ को खण्ड (ख) मा भत्ता वितरण गर्दा सम्वन्धित व्यक्तिलाई मात्र भरपाई गरि वितरण गर्नुपर्ने उल्लेख छ । साथै असम्वन्धित व्यक्तिलाई भत्ता वितरण गरेको पाइएमा भत्ता वितरण गर्ने र वुझ्ने दुवैलाई कानुनी कारवाही हुने प्रावधान भएकोमा यस गा.पा.ले एकाघरका सदस्य वाहेकका अन्य व्यक्तिहरुलाई लाभग्राहीको हस्ताक्षरमा हस्ते गरि निजहरु विचको नाता समेत नखुलाई भत्ता बुझाएको पाइयो । आगामी वर्षहरुमा कार्यालयले कानुनको परिपालना गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८१. | **लाभग्राहीको अभिलेख :** सामाजिक सुरक्षा कार्यकम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १० मा स्थानिय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्नेछ । साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम. आई. एस. मा प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले हालसम्म पनि सबै वडाको मुल अभिलेख अद्यावधिक गरी प्रविष्टि गरेको पाईएन । कार्यालयले यस तर्फ ध्यान दिनुपर्दछ । | |
| | **सर्त चालु अनुदान (पशु तर्फ) :–** | |
| ८२. | **मू.अ.करमा दर्ता नभएकासंग खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । शसर्त अनुदान पशु तर्फ गौ.भ २३, मिति २०७६।३।१९ मा पशु राख्ने खोर (ट्रेविज निर्माण) अमानतबाट रु ८०,०००। को लागतमा निर्माण भएकोमा रु ४५,५५०। बराबरको फलामे पाइप, सिमेन्ट , रंगिन जस्ता पाता मु.अ.कर दर्ता नभएको फर्मसँग खरिद गरेकोमा मू.अ.कर विल जारी गरेको प्रमाण पेश गर्नुपर्ने रु......... | ४५,५५०/- |
| ८३. | **गौ.भ २३, मिति २०७६।३।१९** मा इन्धन खर्चवापत रु ४००००। विल बमोजिम खर्च लेखेकोमा लग बुक नराखेको र खर्चको प्रयोजन नखुलेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु ............ | ४०,०००/- |
| | **शसर्त चालु अनुदान (स्वास्थ्य तर्फ) :** | |
| ८४. | **गौ.भ २, मिति २०७५।६।२२** समायोजन ऐन ,२०७५ बमोजिम दरबन्दी कट्टा भई अन्यत्र समायोजन भईसकेको कर्मचारीले २१ दिन भित्र समायोजन भएको कार्यालयमा हाजिर भई तलब भत्ता खानुपर्ने व्यवस्था छ । कार्यालयले हे.अ छैठौ श्री पुर्णीमा रावलको दरबन्दी तातोपानीमा कायम रहेको तर निज पतरासी गाँउपालिकामा कामकाज गराउने स्वास्थ्य कार्यालयको निर्णय अनुरुप यस गाँउपालिकामा हाजिर नगरी रु ५,६८,५५०। बराबरको तलब भत्ता भुक्तानी गरेकोमा ऐन विपरित भुक्तानी गर्न नमिल्ने हुँदा हाजिर प्रमाणित गराई पेश गर्नुपर्ने.............. | ५,६८,५५० |
| ८५. | **पारीश्रमीक कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार बैठक भत्ता रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले पारीश्रमीक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गौ.भ ४,मिति २०७५।६।१८ मा स्वास्थ्य संयोजक श्री मणीकृष्ण उपाध्यायले क्षयरोगको वार्षिक समिक्षा गोष्ठीको रु.११,०००।- को बैठक भुक्तानी गरेको बिल भरपाई पेश गरेकोमा नियमानुसार पारीश्रमीक कर वापत १५ प्रतिशतले रु. १६५०।-कर कट्टी नगरेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु......... | १६५०/- |
| ८६. | **प्राविधिक ग्रेड सम्बन्धमा :** स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब भत्ता र ग्रेड खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले हे.अ (छैंठौं) पुर्णीमा रावलको प्राविधिक ग्रेड रु ६४०। को दरले १३ महिनाको रु ८,३२०। खर्च लेख्नुपर्नेमा रु १,९२० को दरले १३ महिना बराबरको रु २४,९६०। खर्च लेखेकोमा बढी भुक्तानी भएको रु १६,६४०। असुल उपर गरी राजस्व दाखिला गर्नुपर्ने रु...................................... | १६,६४०/- |
| ८७. | **सामाजिक सुरक्षा कर :** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार लुगा भत्ता वापतको रकममा १ प्रतिशतका दरले सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत पर्ने स्वास्थ्य चौकी लाम्रा मा कार्यरत ६७ जना महिला स्वमंसेविकाहरुको लुगा भत्ता वापत रु ७५००। का दरले रु ५०२५००। को १ प्रतिशतले हुन आउने रु ५०२५। असुल गरी दाखिला गर्नुपर्ने रु............. | ५,०२५/- |
| ८८. | **फर्निचरण सामाग्री खरिद गरेको :-** भौ.नं. १घ मिति २०७६।३।२८ गते बहुउद्देश्यीय पोषण कार्यक्रम शिर्षकबाट | ८०,०००/- |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बानियाँ दियार फर्निचर उद्योगबाट रु.८०,०००।- विभिन्न फर्निचर सामग्री खरिद गरेको भनि भुक्तानी गर्दा खरिद आदेश, माग फाराम तथा दाखिला रिपोर्ट पेश गरेको देखिएन । बहुउद्देश्यीय पोषण कार्यक्रमबाट फर्निचर सामाग्री खरिद पछिको दाखिला रिपोर्ट लगाएको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | |
| | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ८९. | **ल्यापटप खरिद :-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा कार्यक्रम खर्च वापत पूँजीगत सामान खरिदमा १ वटा ल्यापटप खरिद गर्नुपर्ने व्यवस्था छ । तर प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्न श्री बालकृष्ण चौलागाईले मालिका कम्प्यूटर एण्ड जनरल सप्लायर्स, चन्दननाथ-६, जुम्ला पाना नं. ३०२९४६७३२ बिजक नं. ८५ बाट प्रतिगोटा DELL i5 ल्यापटप VAT बाहेक रु.७९,०००।- मा खरिद गरी VAT सहित २ गोटा ल्यापटपको भौ. नं. ३ मिति २०७६।०१।११ बाट जम्मा रु. १७८,५४०।- भुक्तानी गरेको छ । कार्यक्रम संशोधन वेगर कार्यक्रम संचालन निर्देशिका, २०७५ बिपरित थप गरेको खरिदलाई नियमित मान्न नसकिने रु........ | ८९,२७०/- |
| ९०. | **बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन :-** बहुक्षेत्रिय पोषण कार्यक्रम संचालनको खर्च भौ.नं. १७ मिति२०७६।३।२९ गते १ दिने कार्यक्रममा १२ वटा पोषण कक्षा सञ्चालन गरेको भनि उपाध्यक्ष श्री गंगा देवी उपाध्यायको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रति पोषण रु.१०००।- का दरले १२ वटा पोषणको रु. १२०००।- भुक्तानी गरेको छ । नर्म्स अनुसार १ दिनमा बढिमा ४ वटा सेसन मात्र संचालन गर्न सकिने हुँदा नर्म्स भन्दा बढी ८ वटा सेसनको रु.८०००।- असुलउपर गर्ने रु. | ८०००/- |
| | (क) गाउँपालिका अध्यक्ष श्री नवराज न्यौपानेको अध्यक्षतामा मिति २०७६।३।३० गते सञ्चालित १ दिने कार्यक्रममा १४ वटा शेसनको भौ.नं. १७ मिति २०७६।३।२९ गते प्रति शेसनको रु.१०००।- का दरलो रु.१४,०००।- भुक्तानी गरेको छ । नम्समा प्रति दिनको बढिमा ४ वटा शेसन मात्र सञ्चालन गर्न सकिने व्यवस्था भएकोले बढि १० शेसनको रु. १०,०००।- असुलउपर गर्ने रु. | १०,०००/- |
| | **सशर्त अनुदान शिक्षातर्फः** | |
| ९१. | **शिक्षक तलबी प्रतिवेदन** - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७४।७५ अनुसार स्थानीय तहले सम्बन्धित स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा तत्काल रहेको शिक्षकहरुको दरबन्दी सम्बन्धी विवरण सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट यकिन गर्ने उल्लेख छ । सो यकिन विवरणको आधारमा शिक्षक किताब खानाबाट शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराए पश्चात् विद्यालयहरुले पेश गरेको तलबी माग फाराम समेत रुजु गरी सम्बन्धित विद्यालयको खातामा तलब निकासा दिने उल्लेख छ । कार्यालयले यस वर्ष विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइएकोले तलब, भत्ता एवं ग्रेड रकम भिडान हुन सकेन । जसले गर्दा निकासा तलब रकम यथार्थपरक छ भन्न सकिएन । तलबी प्रतिवेदन पारित गराई खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९२. | **शिक्षक अभिलेख** - शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७४।७५ अनुसार शिक्षा विकास समावेशी शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा अद्यावधिक गरी राखेको अभिलेखको आधारमा शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायतका रकम विद्यालयगत रुपमा यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी अद्यावधिक गरेको पाइएन । साथै गाउँपालिकाले यस आर्थिक वर्षमा कुन कुन विद्यालयहरुमा के कति संस्थामा नयाँ शिक्षकको नियुक्ती भयो एवं के कतिको सरुवा, बढुवा, अवकास एवं बेतलवी विदामा रहेका छन् सोको अभिलेख समेत अद्यावधिक गरेको पाइएन । | |
| ९३. | **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने, रु. ... | ३२०७२५०/- |

| क्र.सं. | गो.भौ.नं./मिति | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रु. |
|---|---|---|---|---|
| १ | २४-०७५/६/२२ | गंगादेवी उपाध्याय | भ्रमण वापतको पेश्की | २०००० |
| २ | ५३-०७५/८/१८ | गंगादेवी उपाध्याय | भ्रमण वापतको पेश्की | २०००० |
| ३ | ३२३-०७६/३/२३ | तुलराज परियार | भ्रमण वापतको पेश्की | ८००० |
| ४ | | गौतम निर्माण सेवा | सडक निर्माण पेश्की | १५३००० |
| ५ | | ऐनक निर्माण सेवा | ग्रामिण सडक पेश्की | १९३५०० |
| ६ | | कर्णाली निर्माण सेवा | ग्रामिण सडक पेश्की | २०९००० |
| ७ | | वष्ठि निर्माण सेवा | नियापानी सडक पेश्की | १४१००० |
| ८ | ११ | पैकला आधारभूत विद्यालय | घेराबार पेश्की | २१९४५० |

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ९ | ३३ | नेत्रज्योती मा.वि. हाकु | घेराबार पेश्की | ३१३००० |
| १० | १ | नेत्रज्योती मा.वि. हाकु | फर्निचर व्यवस्थापन पेश्की | १२५००० |
| ११ | ३० | बरिष्ठ निर्माण सेवा | ग्रामीण सडक पेश्की | २५८३०० |
| १२ | ३३ | बरिष्ठ निर्माण सेवा | ग्रामीण सडक पेश्की | ३७९००० |
| १३ | ३-०७५/६/२४ | हियाखोला सिंचाई निर्माण उ.स. | सिंचाइ पेश्की | ८८७००० |
| १४ | ६ | मष्टो निर्माण उद्योग | वृत्तचित्र निर्माण पेश्की | १५६००० |
| १५ | ३ | सिद्धिविनायक सामुदायिक वन | नर्सरी स्थापना पेश्की | १२५००० |
| | | **जम्मा** | | **३२०७२५०** |

**आन्तरिक लेखापरीक्षण बाट कायम भएका व्यहोराहरुः**

९४. **आ.ले.प.बेरुजू** - कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ :

**वित्तीय समानिकरण चालुतर्फ**

१) गो.भौ.न. ८ मिति २०७५।०६।१४ मा जनप्रतिनिधी सेवा सुविधा अनतर्गत संचार खर्च , वापत रु १५०७००।- भुक्तनी गर्दा विल भर्पाइ विना नै खर्च लेखेकोले आवश्यक कागजात संलग्न राखी खर्च नियमित गर्न पर्ने रु. १५०७००

| सि.न. | नाम थर | पद | संचार |
|---|---|---|---|
| १. | श्री नवराज न्यौपाने | अध्यक्ष | २५३९९ |
| २. | श्री गंगादेवी उपाध्याय | उपाध्यक्ष | १६९३३ |
| ३. | श्री प्रेम बहादुर कठायत | बडा अध्यक्ष १ | १३५४६। |
| ४. | श्री कृष्ण बहादुर बुढा | बडा अध्यक्ष २ | १३५४६। |
| ५. | श्री डिल्ली बहादुर रावल | बडा अध्यक्ष ३ | १३५४६। |
| ६. | श्री धिरज जैसी | बडा अध्यक्ष ४ | १३५४६। |
| ७. | श्री हरि बहादुर डागी | बडा अध्यक्ष ५ | १३५४६। |
| ८. | श्री विसाल खडका | बडा अध्यक्ष ६ | १३५४६। |
| ९. | श्री नर बहादुर रावत | बडा अध्यक्ष७ | १३५४६। |
| १०. | श्री कृष्ण बहादुर शाही | बडा अध्यक्ष ८ | १३५४६। |
| | | | १५०७००। |

२) गो.भौ.न.९६ मिति २०७५।१०।११ मा ना.सु. पदम प्रसाद उपाध्याय ले परिक्षा संचालन खर्च भुक्तनी लिदा पारिश्रमिक कर वापत रु.१६२००।- असुल गरी दाखिला गर्नुपर्ने रु. १६२००

३) वडा नं ३, मिति २०७५।१०।२७ मा गाउपालिका महासंघलाई रु.२०,०००।- भुक्तनी गर्दा विल भर्पाइ विना नै खर्च लेखेकोले आवश्यक कागजात संलग्न राखी खर्च नियमित गर्नुपर्ने रु. २००००

४) गो.भौ.न.१७२ मिति २०७६।०१।०९ मा वडा नं८ का वडा सचिव काली वहादुर रावत ले भैपरि खर्च अन्तर्गत I.S.C.A.G को लागी सामान खरिदका लागी *एस साईन्टिफिक ट्रेड कन्सर्न* काठमाण्डौ लाइ रु १,५०,०००। भुक्तनी दिदा खरिद आदेश र दाखिला रिपोर्ट विना नै खर्च लेखेकोले आवश्यक कागजात संलग्न राखी खर्च नियमित गर्नुपर्ने रु १५००००

५) गो.भौ.न. १८६ मिति २०७६।०१।११ मा जुम्ला इन्फोटेक लाई सफ्टवेर निर्माण का लागी रु २२१३००। भुक्तनी दिदा अग्रिम कर रु.३३२० । कट्टी गर्नु पर्नेमा नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. ३३२०

६) गो.भौ.न. ३०१ मिति २०७६।०३।२० मा कर्णाली सास्कृतिक मञ्चजुम्लाका महासचिव आनन्द अधिकारीले जनचेतना मुलक कार्यक्रम संचालनका लागी भुक्तनी लिएकोमा समज जनरल स्टोर एण्ड खाजा घर जुम्ला लाइ विविध खर्च वापत रु.३२९००।भुक्तानी दिएकोमा अग्रिम कर रु ४९५। तथा जन्नत बुटिक सिलाइ उद्योगलाइ विविध खर्च वापत रु १८०००। भुक्तानी दिएकोमा अग्रिमकर रु २७० कट्टी गर्नु पर्नेमा नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्छ र चन्दननाथ यातायात प्रा.लि. लाइ गाडी भाडा वापत रु.२८०००। भुक्तानी दिएकोमा वहाल कर रु २८००। कट्टी गर्नु पर्नेमा नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. ४०४०

७) गो.भौ.न. ३५९ मिति २०७६।०३।२० मा ,इन्धन खर्च र अन्य सामान खरिद वापत जि.पी.ट्रेडर्स लाइ रु १३५४००। भुक्तानी दिदा मु.अ. कर विजक राख्नु पर्नेमा सो नगरी पान विल वाट भुक्तानी दिएकोमा यस लाइ नियमित गर्नुपर्ने रु. १३५४००

| दफा न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | **पशु विकास कार्यक्रमतर्फ** | |
| | ८) गो.भौ.न. ०२ मिति २०७५।०८।११ मा हरी प्रसाद देवकोटाले *टेक लाइन इन्टरनेशनल* प्रा ली वाट औषधी खरिद गर्दा रु २९५८२०। भुक्तानी लिएको देखिन्छ तर अग्रिम कर रु ४४४०। कट्टी गर्नु पर्नेमा सो नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ४४४० |
| | **महिला तर्फ : -** | |
| | ९) गो.भौ.न. १० मिति २०७६।०३।१९ मा पुष्पा थापाले लेखापालन तालीम संचालनका लागी सिम्पल इन्टेलिजेन्ट टेक्नोलोजीलाइ स्टेश्नरी खर्च वापत रु २४३००। भुक्तानी दिदा अग्रिम कर रु ३६५। र आशिर्वाद रेष्टुडेन्ट एण्ड लज लाइ विविध खर्च वापत रु २९६५०।भुक्तानी दिदा अग्रिम कर रु ४४५। कट्टी गर्नु पर्नेमा सो नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नु पर्ने रु. | ८१० |
| | **स्वास्थ्य तर्फ :** | |
| | १०) गो.भौ.न. ९ मिति २०७५।१२।१३ मा मणिकृष्ण उपाध्यायले चिरायु ड्रग हाउस वाट औषधी खरिद गर्दा रु ३२१३४०। भुक्तानी गर्दा अग्रिम कर रु ४८२५। कट्टी गर्नु पर्नेमा सो नगरेकोले उक्त रकम असुलउपर गरी दाखिला गर्नुपर्ने रु | ४८२५ |
| | **ससर्त अनुदान स्वास्थ्य तर्फ :-** | |
| | ११) गो.भौ.न. ३१ मिति २०७६।०३।१९ मा मणिकृष्ण उपाध्यायले न्यानो झोला खरिदका लागी चिरायु ड्रग हाउस लाइ रु ४४०००। भुक्तनी दिएकोमा अग्रिम कर रु ६६०। र निशान फर्मालाई रु १८८००। भुक्तनी दिएकोमा अग्रिम कर रु २८२। कट्टी गर्नु पर्नेमा सो नगरेकोले उक्त रकम असुलउपर गरी दाखिला गर्नुपर्ने रु. | २८२ |
| | **ससर्त शिक्षातर्फ :** | |
| | १२) गो.भौ.न. ४२ मिति २०७६।०३।१९ मा जाजवल्यराज न्यौपानेले राष्ट्रपति रनिङ सिल्डमा विविध खर्चवापत रु ५२,०००। भुक्तनी लिदा अग्रिम कर रु ७८०। असुलउपर गरी दाखिला गर्नुपर्ने रु | ७८० |
| | **सशर्त पशुसेवा तर्फ** | |
| | १३) गो.भौ.न. ४ २०७६।०१।०८ मा यस कार्यालयमा कार्यरत विभिन्न कर्मचारीलाइ भ्रमण आदेश विना भ्रमण खर्च वापत रु ३३०००। भुक्तानी दिएकोले यसलाइ नियमित खर्च मान्न नसकिने भएकोले आवस्यक कागजात संलग्न राखी खर्च नियमित गर्नुपर्ने रु. | ३३००० |
| | **सामाजिक सुरक्षा कार्यक्रम :** | |
| | १४) गो.भौ.न. ६ मिति २०७६।०३।१८ मा वडा सचिव तेज बहादुर रावत लाई जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा को रकम भुक्तानी गर्दा रु ८००। को भर्पाइ नभएकोले असुल उपर गरी दाखिला गर्नुपर्ने रु. | ८०० |
| | १५) वडा सहायक टंक प्रशाद उपाध्याय लाई जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा को रकम भुक्तानी गर्दा रु ७०००। को भर्पाइ नभएकोले असुल उपर गरी दाखिला गर्नुपर्ने रु | ७००० |
| | १६) वडा सहायक नन्द प्रसाद जैसी लाई जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा को रकम भुक्तानी गर्दा रु ६००। को भर्पाइ नभएकोले असुल उपर गरी दाखिला गर्नुपर्ने रु. | ६०० |
| | **बहुक्षेत्रिय पोषण कार्यक्रम :** | |
| | १७) गो.भौ.न. ९ मिति २०७६।३।१९मा म.वि.नि. पुष्पा थापाले सुत्केरी आमा लाइ पोषण सम्वन्धी तालिम संचालन गर्दा अपर्ण जनरल स्टोरलाइ विविध खर्च वापत रु ३०,०००। भुक्तानी दिदा अग्रिम कर रु ४५०। असुलउपर गरी दाखिला गर्नुपर्ने रु. | ४५० |
| | १८) गो.भौ.न. १० मिति २०७६।०३।१९ मा म.वि.नि. पुष्पा थापाले सामाजिक कुरीती,बहुविवाहा सचेतना मुलक तालिम संचालन गर्दा स्टेश्नरी खर्च वापत सिम्पल इन्टेलिजेन्ट सिस्टमलाइ रु ३००००।- भुक्तानी दिदा अग्रिम कर रु ४५०। र विविध खर्च वापत न्यु अरुण जनरल स्टोर एण्ड खाजा घरलाइ रु २०,०००।- भुक्तानी दिदा अग्रिम कर रु ३००। कट्टी नगरी भुक्तानी दिएकोले सो रकम असुलउपर गरी दाखिला गर्नुपर्ने रु. | ७५० |

**अनुसुचीः १**

## तातोपानी गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**कर्णाली प्रदेश** (रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | तातोपानी गाउँपालिका | जुम्ला | ३७४२२ | १०२८८३ | २१७३५३ | २०५५ | ३२२२९१ | ५६७०८ | ९९११० | १६६६६२ | ३२२४८० | ३७२३३ |

अनुसुचीः २

## तातोपानी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | जुम्ला | तातोपानी गाउँपालिका | ५० | ७२ | २९३४९ | ० | ० | ० | ५० | ७२ | २९३४९ | ३०११ | १७३१३ | ५८१८ | ० | ० | २३१३१ | ४८ | ३१५९ | ३२०७ |

अनुसुचीः ३

## तातोपानी गाउँपालिकाको अद्यावधिक वेरुजू स्थिति

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | तातोपानी गाउँपालिका | जुम्ला | २२०१६ | ० | २२०१६ | ० | २९३४९ | ५१३६५ |